# निस्तार चाड



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:**
*प्रस्थान ११:१-१०; मिका ६:८; प्रस्थान १२:१-३०; १ कोरन्थी ५:७; प्रस्थान १३:१४-१६; हिब्रू ११:२८।*

**याद गर्नुपर्ने पद: "जब तिमीहरूका छोराछोरीले यस चाड़को अर्थ के हो भनी सोध्छन्, तब तिमीहरूले भन्नू, 'यो परमप्रभुको निस्तार-चाड़को बलिदान हो। उहाँ मिश्रमा इस्राएलीहरूका घरहरूबाट भएर जानुभयो, र उहाँले मिश्रीहरूलाई प्रहार गर्नुहुँदा हामीहरूका घरचाहिँ उहाँले छोड्नुभएको थियो"**
*(प्रस्थान १२:२६-२७)*।

दशौँ र अन्तिम महामारी आउनै लागेको थियो। अन्तिम चेतावनी दिइसकेको थियो। अन्तिम निर्णय गर्नैपर्ने भएको थियो। यो त वास्तविक रूपमा जीवन र मृत्युको बीचमा थियो। व्यक्तिगत मानिसको मात्र होइन तर सारा राष्ट्रका परिवार र राष्ट्रकै जीवन खतरामा थियो। धेरै मानिसहरूका जीवनको निम्ति फारो र उनका अधिकारीहरू जिम्मेवारी हुनेछन्। मृत्यु र जीवन रोज्ने तिनीहरूका हातमा छ। इस्राएलका जीवित परमेश्वरको बारेमा उनको मनस्थितिले उनको मात्र होइन उनको राष्ट्रको भविष्यको निर्णय हुनेछ।

जब हामी जटिल परिस्थितिको सामना गर्छौं तब त्यसको महसुस हामीले कसरी गर्ने। हाम्रो र धेरै मानिसहरूका जीवनमा नै धेरै प्रभाव पार्ने भएकोले कुन कदम चाल्नुपर्ने हो त्यो निर्णयको भार हामीले कसरी बोक्ने?

तर जे ठिक छ, त्यो निर्णय गर्न हामीलाई चाहिने बुद्धि, ज्ञान र बल हामीले मागेको भन्दा बढि परमेश्वरले दिन चाहनुहुन्छ *(१ कोरन्थी १:३०; फिलिप्पी २:१३)*।

तर जे ठिक छ, त्यसको निर्णय नगर्न हाम्रै हठी स्वभावलाई हटाउनुपर्छ। कतिपय समयमा हामीले जे ठिक छ सो थाहै भए तापनि सो गर्न हामी अस्वीकार गर्छौं। प्रस्थानको मामिलामा परमेश्वरलाई सुम्पिन अस्वीकार गर्ने केवल एक जनाको हठी स्वभावले आफू र धेरैलाई वियोगमा पारेको थियो। परमेश्वरको शक्तिको प्रत्यक्षदर्शी भए तापनि कठोर हृदय भएको फारो सुधार गर्न चाहेका थिएनन्। हामीमा कतिपय त्यही प्रवृत्तिले माथ गरिरहेको हुन्छ।

# थप एउटा महामारी

अगमवक्ता आमोसले यो घोषणा गरेका थिए, "निश्चय नै परमप्रभु परमेश्वरले आफ्ना सेवकहरू, अगमवक्ताहरूलाई आफ्नो रहस्य प्रकट नगरीकन केही गर्नुहुन्न" *(आमोस ३:७)*। अगमवक्ता मोशाद्वारा परमेश्वरले अर्को के हुनेछ भनेर फारोलाई प्रकट गर्नुभएको थियो। अत्यन्तै गम्भीर चेतावनी उनले फारोलाई दिएका थिए। मिश्रदेशमा विपत्तीहरू ल्याएको घमण्ड, हठी, शोषण, हिंसा र मूर्तिपूजामाथि परमेश्वरको तर्फबाट यो उचित न्याय हुनेथियो।

पढ्नुहोस्: **प्रस्थान ११:१-१० पढ्नुहोस्। मिश्रदेशमा न्यायलाई कार्यान्वयन गर्नुभन्दा पहिला परमेश्वरले के चेतावनी दिनुभएको थियो?**

परमेश्वरले मिश्रदेशलाई तिन दिन अन्धकारमा पारिएको थियो *(प्रस्थान १०:२२, २३)*। त्यसको र विगतका घटनाहरूको अर्थ के हो भनेर मिश्रीहरूलाई सोच्ने मौका दिइएको थियो। परमेश्वरले तिनीहरूलाई अन्तिम चेतावनी पनि स्पष्ट रूपमा दिनुभएको थियो। जे ठिक छ, त्यही गर्ने अन्तिम अवसर राजालाई दिइएको थियो।

प्रस्थान ११:८मा मोशा अत्यन्तै क्रोधित भएर फारोबाट बाहिरिएका थिए भनेर लेखिएको छ। मोशा किन रिसाएर निस्के? हुन सक्छ कि अन्तिम दशौँ महामारीले धेरै अनजान मानिसहरूलाई प्रहार गरिनेछ, त्यो फारोले आफ्नो हृदय कडा गरेको कारणले हुने भएको थियो।

फेरि, बाइबलमा गन्ती दश महत्त्वपूर्ण छ। दशले पूरा भएको प्रतिनिधित्व गर्छ (दश आज्ञाले ईस्वीय नैतिक नीतिको सम्पूर्णतालाई प्रकट गर्छ।) दश महामारीहरूले मिश्रीहरूलाई परमेश्वरले गर्नुहुने न्याय र प्रतिशोधलाई पूरै व्यक्त गर्दछन्।

परमेश्वर न्यायकर्ता हुनुहुन्छ। उहाँ अभिमानी, घमण्डी, अन्याय, अत्याचार, भेदभाव, निर्दयीता, कठोर, शोषण, स्वार्थपना, दमनका प्रवृत्तिहरूका विरुद्धमा हुनुहुन्छ। उहाँ शोषित, दुर्व्यवहारमा परेका र सतावट र पीडित वर्गहरूका पक्षमा हुनुहुन्छ। तिनीहरूमाथि परमेश्वरले न्याय गर्नुहुनेछ। यो उहाँको प्रेमको प्रकट हो। (भजनसंग्रह २:१२; ३३:५; ८५:११; ८९:१४; १०१:१; यशैया १६:५; यर्मिया ९:२४ हेर्नुहोस्)।

हामी पनि सकेसम्म मायालु र न्यायप्रेमी हुनुपर्छ। तर, हामी पनि अतिवादीमा पर्न सक्छौं। प्रेमको नाउँमा हामीले गलतलाई अन्धा आँखाले हेर्न सक्छौं। सच्याउने वा सुधार गर्ने आवश्यकतालाई हामीले बेवास्ता गर्न सक्छौं। अथवा अर्को पक्षमा हामी कठोर भएर फलामजस्तो भएको मुटुले न्यायलाई कार्यान्वयन गर्न सक्छौं। दुवै अतिवादी पक्षहरू परमेश्वरका सामु उचित छैनन्। हामीले यो नीतिलाई पालन गर्नुपर्छ, "ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाउनुभएको छ। र परमप्रभुले तिमीबाट के चाहनुहुन्छ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तिम्रा परमेश्वरसित विनम्र भएर हिँड्नू" *(मीका ६:८)*।

**हामी पूरै सन्तुलित जीवन बिताउन सक्दैनौं, तैपनि दया गरेर भूल गर्नु उचित छ? कि धर्मकै नाउँमा अन्याय गर्नु उचित? कुन ठिक हो?**

______________________________________________

# सरीरलाई निको पार्ने

**पढ्नुहोस्: प्रस्थान १२:१-२० पढ्नुहोस्। इस्राएलीहरू मिश्रदेश छोड्नुभन्दा पहिले मोशा र हारूनलाई परमेश्वरले विशेष निर्देशनहरू दिनुभएको थियो?**

मिश्रदेशबाट निस्कनुभन्दा पहिले मोशा र हारूनलाई सबै इस्राएलीहरूलाई कसरी सुसङ्गठित गर्ने भनेर परमेश्वरले सिकाउनुहुनेछ भनेर अपेक्षा गर्नुपर्ने हो जस्तै लाग्छ। भाग्ने बेलामा वृद्ध, साना बालबालिकाहरू भएका आमाहरू, पशु आदिहरूलाई कसरी व्यवस्थित गर्ने प्राबधान बनिनुपर्ने हो। तर त्यसको सट्टा सिधै निस्तार चाड कसरी मान्ने हो भन्ने निर्देशन पो परमेश्वरले दिनुभयो। त्यसको अर्थ तिनीहरूको ध्यान परमेश्वरलाई आराधना गर्नेमा हुनुपर्नेथियो किनकि उहाँले नै तिनीहरूलाई उद्धार गर्नुहुनेथियो। अरू सबै थोक समयअनुसार अघि बढ्नेछ।

प्रत्येक परिवारले पाठोलाई मार्नुपर्थ्यो। सबै पाठोलाई खानुपर्थ्यो। यदि खान सकेन भने अर्को परिवारसँग बाँडेर खानुपर्थ्यो।

**पढ्नुहोस्: प्रस्थान १२:१३, १४ पढ्नुहोस्। जब अन्तिम महामारीको मार पर्छ, तिनीहरूका लागि परमेश्वरले के गर्नुहुनेथियो? त्यो केको प्रतिक थियो?**

निस्तार चाड पर्व प्रत्येक वर्ष मनाउनुपर्थ्यो। त्यसले विगतको समयमा पूर्खाहरूलाई परमेश्वरले के गर्नुभएको थियो भन्ने सम्झनाको निम्ति मात्र

नभएर वर्तमान पुस्तालाई पनि परमेश्वरले पापको बन्दी जीवनबाट स्वतन्त्र पार्नुहुनेछ भनेर याद गर्नको निम्ति थियो। प्रत्येक समूहको निम्ति यो ताजा अनुभव हुनुपर्थ्यो।

पद १२ र १३मा निस्तार अर्थात् अङ्ग्रेजीमा पासओभर भन्नुको अर्थ परमेश्वरको विनाशकारी न्याय अब तर्‍यो भनेर देखाइएको थियो। इस्राएलीहरूले, त्यसकारण, त्यो पर्व वर्षेनी मनाउनुपर्थ्यो। अङ्ग्रेजीमा यो शब्द दुई शब्दहरू मिलेर बनाइएको हो। "पास" र "ओभर" किनकि विनाश पास ओभर वा तर्‍यो भनेर देखाउन प्रत्येक इस्राएलीको घरको ढोकाको चौकोसमा पाठोको रगत छर्किनुपर्थ्यो। यसले जीवन र मुक्तिको चिन्हलाई देखाउँछ। हिब्रू भाषामा पासओभरलाई *पेसाच Pesach* भनिन्छ। योचाहिँ "तर्नु" अर्थ लाग्ने क्रियापदबाट आएको हो।

प्रत्येक इस्राएलीको निम्ति परमेश्वरले कस्तो शक्तिशाली र मायालु काम गर्नुभएको थियो भनेर त्यस पर्वले देखाउँथ्यो। यो पर्वले तिनीहरूको राष्ट्रिय पहिचान दिएको थियो र धार्मिक आस्थामा तिनीहरूको टाँचा लगाइएको थियो।

**विगत समयमा तपाईंलाई परमेश्वरले के असल काम गर्नुभयो सो याद गरिरहन किन जरुरी छ ताकि भविष्यमा पनि उहाँले असल काम गर्नुहुनेछ भनेर तपाईंलाई आश्वस्त गर्नुहुन्छ?**

# *Pesach* पेसाच

पढ्नुहोस्: **प्रस्थान १२:१७-२३ पढ्नुहोस्। यो नयाँ पर्वमा रगतको भूमिका के थियो?**

---

---

यस पर्वमा बलि चढाएको पशुको रगतको भूमिका मुख्य थियो। जो यस भोजमा सरिक भए, तिनीहरूले मारिएको थुमाको रगत तिनीहरूका घरका चौकोसहरूमा छर्किन्थे। यसरी तिनीहरूको आस्था र विश्वास परमेश्वरमा थियो भनेर देखाएको थियो। जसको घरको चौकोसमा रगत हुन्थ्यो तिनीहरूलाई उद्धार गरिने, र जसको घरको चौकोसमा रगत हुँदैनथ्यो तिनीहरूलाई उद्धार नगरिने सन्देश त्यसले दिएको थियो।

यथार्थमा भन्ने हो भने यो सुसमाचारको प्रभावकारी प्रकट थियो! निस्तार चाडको पाठोमा कुनै दाग वा खोत हुनुहुँदैनथ्यो। यसले येशू ख्रीष्टलाई औँल्याउँथ्यो, "संसारका पाप उठाइलैजाने परमेश्वरको थुमा!" *(यूहन्ना १:२९)*। पशुको रगतले निर्णायक भूमिका खेलेको थियो: यो सुरक्षाको प्रतिक थियो र मर्ने समयमा जीवनको चिन्ह थियो।

"तिमीहरू बसेका घरहरूमा त्यो रगत तिमीहरूका निम्ति चिन्ह हुनेछ। जब म त्यो रगत देख्नेछु तब तिमीहरूलाई चाहिँ छोड़िदिनेछु, र मैले मिश्रलाई प्रहार गर्दा नाश गर्ने कुनै विपत्तिले तिमीहरूलाई छुनेछैन" *(प्रस्थान १२:१३)*।

सारा सुसमाचार नै निस्तार चाडसँग सम्बधित थियो। यसले ती इस्राएलीहरूलाई दासत्वबाट छुटकारा र प्रतिज्ञा गरिएको देशमा जाने सन्देश दिएको थियो। येशूको बलिले हाम्रा पापहरू क्षमा हुन्छन् र उहाँको रगत सबैका निम्ति पुण्य काम हो जसले सबै मानव प्राणीलाई समेटछ।

शताब्दियौँ पछि पावलले त्यस पर्वलाई फर्केर हेर्छन् र लेख्छन्, "नयाँ ढिका बन्नलाई पुरानो खमिरलाई निकाल, किनकि तिमीहरू वास्तवमा अखमिरी नै हौ। हाम्रो निस्तारको थुमा, ख्रीष्टको बलिदान भइसकेको छ" *(१ कोरिन्थी ५:७)*।

खमिर वा सोडा विभिन्न खालका रोटीहरू पकाउन पिठोमा मुछिन्थ्यो। जब, यसलाई बाइबलमा पहिला उल्लेख गरेको थियो तब मिश्रदेशबाट इस्राएलीहरू जानुभन्दा पहिले सोडा, खमिर वा पिठो फुल्ने वस्तु नराखी रोटी पकाउनुपर्थ्यो। तिनीहरूका घरबाट खमिरहरू हटाउनुपर्थ्यो *(प्रस्थान १२:८, १५-२०; प्रस्थान १३:३-७)*। यस विशेष परिवेशमा खमिर पापको प्रतिक थियो *(१ कोरन्थी ५:६-८)*। त्यसकारण निस्तार चाडको हप्तामा यो प्रयोग गरिन्दैनथ्यो।

खमिर नहालेको रोटी पापरहित मसिहको प्रतिक हो। उहाँले हाम्रो निम्ति सबै परीक्षा, प्रलोभनहरूलाई जितेर हाम्रो निम्ति जीवन दिनुभएको थियो *(यूहन्ना १:२९; १ कोरन्थी ५:७; हिब्रू ४:१५)*। हिसपचाहिँ बास्ना आउने झार वा तुलसी पनि हुन सक्छ। यसको झुप्पालाई रगतमा चोपलिन्थ्यो। यसले परमेश्वरको शुद्ध गर्ने अनुग्रहलाई बताउँछ *(भजनसंग्रह ५१:७)*। संक्षेप्तमा भन्ने हो भने पेसाच वा निस्तार चाडको सबै कामले येशूको मुक्ति दिने कामलाई प्रकट गरिएको थियो।

**येशूको वा परमेश्वर आफैको रगतले हाम्रो पाप धुने अवधारणाले पाप कतिको खराब रहेछ भनेर हामीलाई कसरी प्रकट गर्छ?**

_______________________________________________

# चिराकलाई पास गर्नु वा अरूलाई हस्तान्तर गर्नु

हाम्रा सन्तानले परमेश्वरलाई कसरी चिन्न सक्छन् र उहाँको मायालु स्याहारको बारेमा कसरी थाहा दिने भनेर भजनसंग्रहका लेखकले यसरी व्यक्त गर्छन्, "एक पुस्ताले अर्को पुस्तालाई तपाईंका कार्यको प्रशंसा गर्नेछ, तिनीहरूले तपाईंका शक्तिशाली कार्यहरूको घोषणा गर्नेछन्" *(भजनसंग्रह १४५:४)*। एउटा परिवारले अर्को परिवारलाई परमेश्वरको बारेमा चर्चा गर्नुपर्छ। उहाँका अचम्मका कामहरू र उहाँका शिक्षा दीक्षा र बाइबलका ज्ञान एक पुस्ताबाट अर्को पुस्तालाई घोषणा गर्नुपर्छ।

पढ्नुहोस्: **प्रस्थान १२:२४-२८ पढ्नुहोस्। यसमा के उल्लेखनीय कुरालाई औँल्याएको छ?**

---

---

इस्राएलमा बाबुआमाहरू पहिला गुरुहरू थिए। तिनीहरूले प्रस्थानको कथा तिनीहरूका छोराछोरीहरूलाई सुनाउनुपर्थ्यो। यो केवल ऐतिहासिक घटना भनेर मात्र बताउने होइन। तिनीहरूका आफ्नै अनुभवलाई छोराछोरीहरूलाई बताउनुपर्थ्यो। त्यो कथा धेरै अघि भए तापनि त्यसको सान्दर्भिकतालाई औँल्याउनुपर्थ्यो। पर्वको रूपमा मनाएर तिनीहरूले आफ्ना पुर्खासँग परिचित गराउनुपर्थ्यो। इतिहासलाई वास्तविक नाटक जस्तो खेलेर त्यसको यथार्थतालाई औँल्याउनुपर्थ्यो। बाबुले भन्नुपर्थ्यो: "म मिश्र देशमा थिएँ। मिश्र देशका देवी र देवताहरू हारेको मैले देखेको थिएँ। मलाई स्वतन्त्र बनाएको थियो।" जब छोराछोरीहरू निस्तार चाडको बारेमा सोध्छन् तब बाबुआमाहरूले तिनीहरूका जवाफ दिनुपर्छ भनेर दुई पल्ट उल्लेख गरिएको छ *(व्यवस्था ६:६-८ र प्रस्थान १३:१४-१६ हेर्नुहोस्)*।

जब मिश्रदेशबाट स्वतन्त्र हुने पर्व मनाउन इस्राएलीहरूलाई भनिएको थियो, तिनीहरू मिश्रदेशमै थिए। पर्व मनाउने सबै प्रक्रिया विश्वासको

नतिजा थियो। जब तिनीहरूले निर्देशन पाए तब तिनीहरू शिर झुकाएर तिनीहरूका उद्धारकर्ता परमेश्वरको आराधना गरेका थिए *(प्रस्थान १२:२७)*। अनि निस्तार चाडको विधि सिकाइएको थियो।

इस्राएलीहरूले त्यो कथा यसरी सुनाउनपर्थ्यो कि त्यो तिनीहरूको आफ्नै अनुभव भनेर तिनीहरूले महसुस गर्न सक्थे भनेर व्यवस्थाको पुस्तकमा लेखिएको छ। समुच्चा रूपमा त्यस विवरणलाई वर्तमान परिवेशको अनुभवसँग मिलाउनुपर्छ भनेर यसरी बताइएको छ, "तब तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरको सामुन्ने यसो भन्नू: 'मेरा पुर्खा फिरन्ते अरामी थिए। उनी आफ्नो सानो परिवारसँग मिश्रमा गई प्रवास गरे। अनि त्यहाँ उनीबाट एक महान्, सामर्थी र असंख्य जाति उत्पन्न भयो। तर मिश्रीहरूले निष्ठुर व्यवहार गरेर हामीलाई दुःख दिए, र कठोर दासत्वमा राखे। तब हामीले परमप्रभु हाम्रा पुर्खाका परमेश्वरलाई पुकारा गर्‍यौं, र उहाँले हाम्रो सोर सुन्नुभयो र हाम्रा पीडा, कठिन श्रम र हामीमाथि भएको अत्याचारलाई देख्नुभयो। यसकारण परमप्रभुले हामीलाई आफ्नो प्रतापी हात र फैलिएको पाखुराले ठूलो आतङ्क, आश्चर्य चिन्ह र अचम्मका कामहरू देखाएर मिश्रबाट निकालेर ल्याउनुभयो। उहाँले हामीलाई यस ठाउँमा ल्याएर यो दूध र मह बहने देश दिनुभयो" *(व्यवस्था २६:५-९)*।

निस्तार चाड र पवित्र इतिहासका कुनै घटना छोराछोरीहरूलाई दोहोर्‍याउँदा आमाबाबु आफैले पनि ठूलो आशिष् पाउँथे। तिनीहरूलाई परमेश्वरले के गर्नुभयो भनेर तिनीहरूले याद गर्दथे। कथा भन्दा श्रोताहरूलाई मात्र होइन भन्ने व्यक्तिले पनि आशिष्को अनुभव गर्छ।

# दैविक न्याय

पढ्नुहोस्: **प्रस्थान १२:२९, ३० पढ्नुहोस्। पहिलो जन्मेकोलाई परमेश्वरले कसरी ढाल्नुभयो? जेठोलाई नै किन लक्षित गरेको?** *(हिब्रू ११:२८ पनि पढ्नुहोस्)*।

मिश्रदेशमा अन्तिम महामारी जेठोलाई परेको थियो। त्यसको अर्थ मिश्रदेशका देवी र देवताहरूमाथि र तिनीहरूलाई पूजा गर्ने परिवारहरूमाथि परमेश्वरको न्यायको प्रहार भएको थियो। सबै मिश्रीहरूले ती देवी र देवताहरूलाई पूजा गर्थे। तिनीहरू काल्पनिक र पत्थरका देवीदेवताहरू थिए। मानिसहरूका आफ्नै त्रास, आवेग र चाहनाहरूलाई ती देवीदेवताहरूले प्रतिबिम्बित गरेका थिए।

अगाडिका महामारीहरूले देखाएका ती मूर्तिहरूले मानिसहरूलाई बचाउन सकेका थिएनन्। तिनीहरू बेकारका छन् भनेर अब झन् देखाइएको थियो। अहिलेसम्ममा दशौँ महामारीले मिश्रीहरूका निम्ति सबभन्दा भयानक नतिजाहरू ल्यायो।

"सारा मिश्रभरि प्रत्येक घरको गौरव झुकेको थियो। मर्माहत र विलापका वातावरणले मिश्रदेश नै गुञ्जिएको थियो। राजा र दरबारीहरू थर-थरले काँपेर तिनीहरूका अनुहारहरू रातापिरा भएको थिए। भयानक आततायी दृश्य र त्राही-त्राहीका स्वरहरूले तिनीहरूलाई छोपेको थियो।"—एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस*, पृ. २८०।

फारोले सर्वशक्तिमान् शक्तिको प्रतिनिधित्व गरेका थिए। उनलाई मिश्रदेशको भगवान भनेर मान्थ्यो। उनको जेठो छोरो देवताको छोरो भनेर मानिन्थ्यो। आइसिसलाई बालबालिकाहरूलाई सुरक्षा दिने देवीको रूपमा पूजा गरिन्थ्यो। प्रसवको समयमा हेकेट देवी हुन्थ्यो भनेर मानिन्थ्यो र मिन

देवता सन्तान उत्पादन गर्ने भनेर पूजा गरिन्थ्यो। तीबाहेक मिश्रदेशमा धेरै देवीदेवताहरूलाई सन्तानेश्वरको रूपमा पूजा गरिन्थ्यो। जीवित परमेश्वरको सामु ती सबै देवीदेवताहरू निरीह भएका थिए। मोशाले बताउँछन्, "हे परमप्रभु, देवताहरूमा तपाईंझैँ को छ र? पवित्रतामा अति महान्, महिमामा भययोग्य, र उदेकका कर्म गर्नुहुने तपाईंझैँ को छ र?" *(प्रस्थान १५:११)*। मिश्रमा परमेश्वरको महिमाको बारेमा सुनेपछि यित्रोले यसरी व्यक्त गर्दछन्, "अब मलाई थाहा भयो कि परमप्रभु सारा देवताहरूभन्दा महान् हुनुहुँदोरहेछ, किनकि जब मिश्रीहरूले इस्राएलीहरूमाथि अभिमानी व्यवहार गरे तब उहाँले उनीहरूलाई त्यसो गर्नुभयो" *(प्रस्थान १८:११)*।

इस्राएलीहरूलाई निरीह बनाउन मिश्रीहरूले फारोको आदेशले इस्राएलीहरूमा नयाँ जन्मेका बालकहरूलाई मारेका थिए। तिनीहरूलाई दबाउन र बेइज्जत गरेका थिए। अब परमेश्वरले मिश्रदेशका जेठाहरूलाई प्रहार गर्नुभएर तिनीहरूलाई दण्ड दिनुभएको थियो। मानिसले जे रोप्छन्, त्यही फलाउँछन्।

हाम्रा निर्णय र आचरणले नतिजाहरू ल्याउँछन्। यो पीडादायी सत्य हो कि हाम्रा गल्तीहरूका कारणले हामी मात्र होइन अरूहरूले पनि दुःख पाउँछन्। कतिपय समयमा अनजान वा निर्दोषहरूले पनि दुःख भोग्छन्। यो पापको स्वभाव हो।

**अरूहरूका पाप वा गलतले तपाईंले कसरी दुःख पाउनुभएको छ? वा तपाईंकै कारणले अरूहरूले कसरी दुःख पाए? तपाईंको आशा केमा मात्र छ?**

**थप जानकारी:** एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस*, पृ. २७३-२८०को "द पासोभर" भन्ने अध्याय पढ्नुहोस्।

"निस्तार चाड दुवै सम्झनाको निम्ति र प्रतिकको रूपमा रहेको थियो। यसले मिश्रदेशबाट उद्धार गरेको मात्र याद दिलाउने होइन, तर ख्रीष्टमा उहाँका जनहरूलाई पापको बन्धनबाट महा छुटकारा पाउने कुराको सम्झनाको रूपमा मनाइएको थियो। निस्तार चाडमा बलिको पाठो 'परमेश्वरको पाठो'को प्रतिनिधित्व गर्छ। उहाँमा मात्रै हाम्रो मुक्तिको आशा छ। प्रेरित पावलले भन्दछन्, 'हाम्रो निस्तारको थुमा, ख्रीष्टको बलिदान भइसकेको छ।' १ कोरिन्थी ५:७। निस्तार चाडको पाठोलाई मारेर मात्र पुग्दैन; तर त्यसको रगतले ढोकाका चौकोसहरूमा छर्किनुपर्थ्यो। त्यसरी नै हाम्रा हृदयका ढोकाहरूका चौकोसहरूमा येशू ख्रीष्टका पुण्य रगतले छ्याप्नुपर्छ। उहाँ केवल संसारको निम्ति मात्र होइन, हामी प्रत्येक व्यक्तिको निम्ति मर्नुभयो भनेर हामीले विश्वासै गर्नुपर्छ। हाम्रो पाप क्षमा गर्ने बलिका गुणहरूको फाइदा हामीले उठाउनैपर्छ।"—एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. २७७।

आज पनि विश्वका यहूदी परिवारहरूले निस्तार चाड वा *पेसाच* मनाउँछन्। तिनीहरूको पासोभर सिडार भन्ने विधि हुन्छ। सिडारको अर्थ मिलाउनु वा व्यवस्थित गर्नु हो। यस समयमा परिवारहरू प्रस्थानको कथा दोहोर्‍याउँछन् र परिवारले विशेष भोज गर्छ। यो पर्व अहिलेसम्म यहूदीहरूका बीचमा चलि नै रहेको छ। प्रस्थानको समयदेखि अहिलेसम्म पनि त्यस चाडले निरन्तरता पाएको कुरा अचम्मलाग्दो नै छ। यहूदीहरूले पालन गर्ने हप्ताको सातौँ दिन शबाथ पनि सृष्टिको सुरुदेखि नै चलिआएको थियो।

## छलफलको लागि प्रश्नहरू:

१. जेठोलाई प्रहार गरेर मार्ने परमेश्वरको कामलाई उचित छ भनेर हामीले कसरी बुझ्ने? तिनीहरू धेरै जसो अनजान वा अबोध थिए। यसलाई परमेश्वरको प्रेमको वास्तविकतासँग कसरी तालमेल गर्ने? जलप्रलयको बारेमा पनि सोच्नुहोस्। हामीले कसरी बुझ्ने?

२. विश्वासीहरू येशूको रगतले छोपिनु र हाम्रा सबै पापहरूलाई त्यसले धुने प्रतिकको अर्थ के हो?

३. यो मन्तव्य पढ्नुहोस्, "येशूका भक्तहरूले उहाँको अनुभवमा सहभागी हुनैपर्छ। तिनीहरूले परमेश्वरका वचनलाई पढेर निल्न सक्नैपर्छ। तिनीहरूका जीवनमा तिनीहरूका जीवन, नियत र क्रियाकलापमा वचनलाई आफ्नो अंश बनाउनैपर्छ। येशू ख्रीष्टको शक्तिले तिनीहरू उहाँको स्वरूप परिवर्तन हुनैपर्छ। उहाँका चरित्र, स्वभाव, मिजास र गुणहरूलाई तिनीहरूका जीवनले प्रतिबिम्बित गर्नैपर्छ। येशूका काम र मिजास उहाँका भक्तहरूका काम र मिजास हुनैपर्छ।"—एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. २७८। यहाँ लेखिएकै अनुसार हाम्रो जीवनमा गर्नको लागि हामी ख्रीष्टलाई अनुमति कसरी दिने?

# फुटबलको सट्टा परमेश्वर

*लेखक:* आन्ड्यु मेकचेस्नी

मोजाम्बिकको हाई स्कूलको विद्यार्थी सिल्भा लाङ्गालाई फुटबल मन पर्थ्यो। खेल उसको भगवान नै थियो, र ऊ जतिसक्दो धेरै खेल्थ्यो। ऊ एक कुशल खेलाडी थियो, र ठूलो फुटबल समूहको अगुवा हुने सपना उसले देख्थ्यो।

एक दिन एक साथीले उसलाई यो सुनाउँदा ऊ छक्क पऱ्यो, “तिमीसँग धेरै राम्रा गुण वा स्वभावहरू छन्, तर तिमीमा परमेश्वरको अभाव छ।” सिल्भाको उत्सुकता बढ्यो जब एक दिन साथी होडेसले उसलाई शनिबार चर्चमा आउन अनुरोध गरेको थियो। शनिबार आराधना गर्ने चर्चको बारेमा सिल्भाले कहिल्यै सुनेको थिएन। त्यसबाहेक, चर्च जान उसको निम्ति शनिबार उपयुक्त दिन थिएन। त्यो दिनमा प्रायः ऊ फुटबल खेल्थ्यो।

तर होडेस सिल्भाको असल साथी थियो। उसको समय मिल्ने पहिलो शनिबार सिल्भा उसको साथीसँग चर्चमा गयो। त्यो दिनमा उसले फुटबल खेल्नुपरेको थिएन। फेरि सिल्भालाई छक्क पऱ्यो। चर्चका विश्वासीहरूले उसलाई माया र स्नेह देखाए। त्यहाँ गाएका भजनहरूले उसको हृदय छोएको थियो। उसले बाइबल पढ्न थाल्यो। पछि उसले येशूलाई विश्वास गरेर बप्तिस्मा पनि लियो।

उसले शनिबार फुटबल खेल्न किन छोड्यो सो सिल्भाका धेरै आफन्त र साथीहरूले बुझ्न सकेनन्।

“तपाईंको विश्वास पागल छ,” एक जनाले भन्यो।

“किन कोही फुटबल खेलको सट्टा चर्च जान्छ?” अर्कोले भन्यो।

सिल्भाले आफ्नो विश्वासको बारेमा सकेसम्म राम्रोसँग सुनायो।

सिल्भा शनिबार विश्वविद्यालय प्रवेश परीक्षामा नजाँदा उसका आमाबाबु चिन्तित भए। तिनीहरूले उसको मानसिक स्वास्थ्यमाथि प्रश्न उठाए, किन ऊ शबाथको लागि आफ्नो भविष्यसँग खेलबाड गरिरहेको भनेर तिनीहरूले सोधे। यो सिल्भाको लागि एउटा कठोर परीक्षा थियो, तर उसले पत्रुस र अन्य प्रेरितहरूको साहस अपनाउने निर्णय गरेर यो सुनायो, "हामीले मानिसहरूको भन्दा परमेश्वरको आज्ञा पालन गर्नुपर्छ" *(प्रेरित ५:२९)*।

एक दिन स्कूलको शिक्षकले सिल्भा शुक्रबार राती किन क्लासमा जाँदैन भनेर उसका बाबुआमालाई सोधे। त्यो थाहा पाउँदा तिनीहरू विचलित भए। धेरै आफन्तहरूले स्थानीय एड्भेन्टिष्ट अगुवहरूलाई सिल्भालाई शुक्रबार राती स्कूल जान भन्नू भनेर अनुरोध गरे। अगुवाहरूले शबाथको विषयमा बाइबल सिकाएनन्। तिनीहरूले त्यस किशोरलाई परमेश्वरले छोड्नुहुनेछैन र ऊ हाई स्कूलमा पास हुनेछ भनेर आश्वासन दिए।

केही समयपछि, सिल्भा एड्भेन्टिष्ट हाई स्कूलमा पढ्न भए। त्यहाँ उसले अब  शबाथको बारेमा कसैको कचकच सुन्नुपरेको थिएन। उसले हाई स्कूल पास गऱ्यो।

आज, सिल्भा एक व्यापारी छन्। स्वर्गका परमेश्वरकका लागि आफ्नो फुटबल देवता त्यागेकोमा उसलाई पछुतो लागेको छैन। उसको विश्वासी जीवनले उसका दुई बहिनीहरू र अरू मनिसहरू बप्तिस्मा लिएका छन्।

"परमेश्वरले मेरो जीवनलाई आशिष् दिनुभएको छ," सिल्भाले भने। "म परमेश्वरलाई धन्यवाद दिन्छु किनकि आज मेरा परिवारले मेरो विश्वासको सम्मान गर्दछ।"